**देउमाई नगरपालिका**

**आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य**

**आदरणीय सभा अध्यक्ष ज्यू,**

**नगरसभा सदस्य ज्यूहरू,**

**शुभ नमस्कार,**

**नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्यायोजित अधिकार अनुसार देउमाई नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यहाँहरू समक्ष यो बजेट प्रस्तुत गर्न पाउँदा म गौरवान्वित छु।**

**यस विशिष्ट घडीमा, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने क्रममा भएको राजनीतिक परिवर्तन, जनयुद्ध र जनआन्दोलनका त्याग र बलिदानीहरूलाई गौरवपूर्ण स्मरण गर्दछु। देश र जनताको स्वतन्त्रता र मुक्तिका लागि जीवन समर्पण गर्ने सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।**

**संघीय लोकतान्त्रिक गणतन्त्रको गौरवपूर्ण यात्रालाई सम्मान गर्दै, समावेशी, उत्तरदायी र पारदर्शी शासन प्रणाली निर्माणमा हामी कटिबद्ध छौँ। देउमाई नगरको समुन्नत भविष्य, सामाजिक समानता र दिगो समृद्धिका लागि हाम्रो साझा प्रयास निरन्तर रहिरहनेछ।**

**आदरणीय सभा अध्यक्ष ज्यू,**

अव म यस देउमाई नगरपालिकामा विभिन्न सुचकहरुमा भएका प्रगतिको सारंस पेश गर्न चाहान्छु ।

देउमाई नगरपालिकाद्वारा निर्धारित विकास लक्ष्यहरू प्राप्त गर्ने दिशामा महत्वपूर्ण प्रगति हासिल गरेको छ। प्रमुख सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार क्षेत्रका सूचकहरूको आधारमा प्राप्त मुख्य उपलब्धिहरू यस प्रकार रहेका छन्:

<u>सामाजिक सूचकहरू:</u>

- शिक्षा: विद्यालय भर्ना दर ९२%, निरन्तरता दर ९७%, उतिर्ण दर ८२ % रहेको छ । विद्यार्थी प्रतिशिक्षक अनुपात १७:१ मा झारिएको छ। ५० वटा सामुदायिक विद्यालयमध्ये सम्पुर्ण ५० वटै विद्यालयमा सडक पहुच रहेको छ र ४४ वटा विद्यालयमा पक्कि भवन रहेको छ ।
- स्वास्थ्य: सुरक्षित सुत्केरी सेवा उपयोग ९७%, पूर्ण खोप युक्त नगरपालिका घोषणा र प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना सहित नगरपालिकाको स्वास्थय संस्थाको संख्या १२ वटा रहेका छन् ।
- पिउने पानी पहुँच: ९०% घरधुरीमा सुरक्षित पिउने पानीको पहुँच पुगेको छ। नगरपालिकाको खानेपानी आयोजना मार्फत ६४४ घरधुरिमा खानेपानी सुविधा विस्तार गरिएको छ ।

आर्थिक सूचकहरू:

- रोजगारी सिर्जना: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रत्यक्ष २९८ जनाले रोजगारी पाएका छन् साथै उद्यमसिलता विकास कार्यक्रम लगायतबाट हजार भन्दा बढिले रोजगारी तथा स्वरोजगार हुने अवसर पाएका छन् ।

- कृषि तथा पशु विकासः- खोरेत जोनिङ क्षेत्रका ८०% गाई/भैसीमा खोप लगाइसकिएको छ। आलु खेतीमा पकेट विकास कार्यक्रमले ६०% उत्पादन वृद्धि गरेको छ। अनुदानमा वितरण गरिएका कृषि औजारले लागत ४०% घटाएको छ। अलैची पकेट विकासबाट अलैची खेतीमा ३०% वृद्धि भएको छ। ।

- सूचना प्रविधि विकास: प्रत्येक वडामा फाइबर इन्टरनेट जडान गरी नेटवर्क व्यवस्थापन सम्पन्न गरिएको छ। हस्तलिखित सेवा विस्थापन गरी सबै सेवा अनलाइनमार्फत उपलब्ध गराइएको छ। राजश्व संकलन र भुक्तानी विद्युतीय बैंकिङबाट सञ्चालन गरिएको छ। नगरका सबै कार्यालय र माध्यमिक विद्यालयमा ई-हाजिरी प्रणाली लागू गरिएको छ।

- भौतिक पूर्वाधार:

सडक: १४१ किलोमिटर ग्राभेल सडक निर्माण तथा स्तरोन्नति सम्पन्न भैसकेको छ भने करिब ४१ किलोमिटर कालोपत्रे सडक रहको छ ।

सिंचाइ: विभिन्न सिचाइ योजना सम्पन्न गरि ७५ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुर्याइएको छ।

भवन तथा आवासः- विभिन्न सामुदायिक, सार्वजनिक र संथागत गरि ५४ वटा भवन निर्माण सम्पन्न भई सकेका छन साथै विपन्न वर्गका नागरिकलाई सुरक्षित आवास कायक्रम अन्तर्गत ११ सय घरका जस्तापाता फेर्ने कार्यक्रम सम्पन्न भएको छ ।

विद्युत तथा सौर्य ऊर्जा: ५ वटा टोलमा सौर्य बत्ती जडान गरिएको छ, ९८% जनता विधुतको प्रसारणभित्र पार्न सफल भएका छौ र ८५% काठे पोललाई स्टिल पोलले विस्थापित गरिसकेका छौ ।

सभाका सदस्यज्यूहरू,

अव म आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमको सारंस समिक्षा गर्न चाहान्छु ।

आर्थिक वर्ष २०८१/८२ मा देउमाई नगरपालिकाले "स्थानीय उत्पादन, रोजगारी र पूर्वाधार: समृद्धिको आधार" भन्ने मूल नाराका साथ  स्वीकृत बजेट: रू. ७५ करोड ८७ लाख ८० हजार कार्यान्वयन गरेको थियो। सो अवधिमा विभिन्न क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरिएका थिए।

आ.व. ०८१/८२ मा आन्तरिक राजश्वको लक्ष्य रू. १८ करोड ३५ लाख १ हजार राखिएकोमा जेष्ठ मसान्त सम्ममा कुल रू. ११ करोड ७० लाख ११ हजार मात्र संकलन भएको छ। कुल राजश्व तथा अनुदान संकलन को अनुमान रु. ७५ करोड ८७ लाख ८० हजार रहेकोमा जेष्ठ मसान्त सम्मको यथार्थ आम्दानी रु.६५ करोड ७५ लाख ४ हजार मात्र भएको छ । यस आधारमा आर्थिक वर्ष २०८१/०८२ को कुल राजश्व संकलन रु. ६५ करोड ७६ लाख ६९ हजार मात्र हुने अनुमान गरिएको छ ।

व्यय तर्फ चालु खर्चमा रू. ५२ करोड ५३ लाख २१ हजार पाँचसय र पुँजीगत खर्चमा रु. २३ करोड ३४ लाख ५९ हजार विनियोजन  गरिएकोमा हालसम्ममा क्रमशः रू. ३६ करोड ७४ लाख ३१ हजार मात्र र रू. ८ करोड ३७ लाख ६३ हजार मात्र खर्च भएको छ।

**आदरणीय सभा अध्यक्ष ज्यू**

**अब म आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमाका आधारहरु तथा अनुमानित आय-व्यय प्रस्तुत गर्न चाहन्छु।**

**बजेट तर्जुमा नीतिगत आधारहरू**

**यस वर्षको बजेट निम्न आधारहरूमा आधारित छ:**

- **संविधानको मार्गनिर्देशक सिद्धान्त**
- **दिगो विकास लक्ष्य**
- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४**
- **स्थानीय तह योजना तर्जुमा निर्देशिका, २०७८**
- **कार्यपालिकाबाट निर्धारण गरिएका प्राथमिकता**
- **वडास्तरीय जनसुनुवाइ तथा सरोकारवालाको सुझाव**

**बजेटको परिधि (स्रोतगत विवरण)**

**आ.व. २०८२/०८३ मा देउमाई नगरपालिकामा तपशिलमा उल्लेखित स्रोतहरूबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउँदछु। जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छः**

**१. आन्तरिक राजश्वबाट- रू. ५ करोड ४१ लाख ७२ हजार**

**२. संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम**

- **शशर्त अनुदान चालु तर्फ- रू. २९ करोड २८ लाख**
- **शशर्त अनुदान पुँजिगत तर्फ- रू. १ करोड २६ लाख**

- वित्तिय समानीकरण अनुदान तर्फ- रू. ११ करोड ८० लाख
- समपुरक अनुदान तर्फ-रू. ८१ लाख

३. कोशी प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

- वित्तिय समानीकरण अनुदान तर्फ- रू. १ करोड ९ लाख ६ हजार
- समपुरक अनुदान तर्फ- रू. १ करोड
- ससर्त अनुदान तर्फ चालु- रु ११ लाख ६६ हजार
- ससर्त अनुदान तर्फ पूजिगत- रु २९ लाख ५० हजार

४. बाँडफाँडबाट प्राप्त राजश्व रकम

- संघीय राजश्व बाँडफाँडबाट प्राप्त हुने- रू. १० करोड १२ लाख
- प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त हुने- रू. ७५ लाख २० हजार
- स्थानीय राजस्व बाँडफाँड प्राप्त हुने-रु. ६२ लाख

जम्मा रू. ११ करोड ४९ लाख २० हजार

कुल जम्मा आय रू. ६२ करोड ५६ लाख १४ हजार हुने लक्ष्य प्रस्ताव गरेको छु।

यसरी आय अनुमानको तुलनामा आ.व २०८२-८३ मा कुल अपुग रकम बजेट २० करोड अनुमान गरिएको छ यसको व्यावस्थापन बैक मौजात बाट हुने जानकारी गर्दछु ।

सभाका सदस्य ज्युहरु

आर्थिक वर्ष २०८२/०८३ को बजेटले कृषि आत्मनिर्भरतामा केन्द्रित रहँदै, आधारभूत सेवाको पहुँच विस्तार, युवा लक्षित रोजगारी सिर्जना तथा प्रविधि-मैत्री प्रशासनलाई प्राथमिकतामा राखेर तयार गर्ने प्रयास गरिएको छ, आगामी आर्थिक वर्षको क्षेत्रगत विनियोजनको  विस्तृत विवरण यस प्रकार गरेको छु ।

विनियोजनको विवरण

आर्थिक वर्ष २०८२/०८३ का लागि वडा कार्यालयहरूको लागि कुल रु. ५ करोड २७ लाख विनियोजन गरेको छु ।

वडागत बजेट निम्न उद्देश्यका साथ विनियोजन गरिएको छ ।

- प्रत्येक वडामा नागरिक सेवा प्रवाह सुदृढ बनाउने
- स्थानीय समस्याहरूको छिटो समाधान गर्ने

- वडागत बजेटबाट प्रत्येक वडाहरूलाई चालु खर्चका लागि १०/१० लाख र पुँजीगत खर्चका लागि ४०/४० लाख तथा सुत्रगत आधारमा थप बजेट विनियोजन गरेको छु ।
- प्रत्येक वडाको न्युनतम ५ लाख र नगरपालिकाको सोही बराबरको बजेट साझेदारि गरी एक/एक वटा दिर्घकालिन विकास देखिने आयोजना यस बजेट मार्फत संचालनमा ल्याइने छ ।
- आगामी आर्थिक वर्षको लागि  आयुर्वेद तथा स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा सहज पहुँचको उद्देश्यका साथ रू.१ करोड २८ लाख ९६ हजार स्वास्थ्य क्षेत्रमा विनियोजन गरेको छु ।जस अन्तर्गत परम्परागत तथा आयुर्वेद उपचार प्रणालीको लागि १८ लाख ३६ हजार विनियोजन गरेको छु ।

- निर्माणाधीन नगर अस्पताल तथा वडा स्वास्थ्य चौकी भवन सम्पन्न गरि संचालनमा ल्याउन बजेटको व्यवस्थापन गरेको छु ।
- एम्बुलेन्स सेवाको थप सुदृढीकरण तथा घुम्ति स्वास्थ्य शिविर संचालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- जनताको न्यायमा पहुँच वृद्धि तथा मेलमिलाप सुदृढीकरणका लागि न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम, न्याय सम्पादन लगायतलाई रू. १५ लाख ८० हजार विनियोजन गरेको छु ।
- कृषि तथा पशुपन्क्षी विकासका लागि रू. १ करोड १ लाख ९० हजार विनियोजन गरेको छु ।
- आत्मनिर्भर कृषि प्रणाली विकास गरि रोजगारी र उत्पादन वृद्धि गर्ने उद्देश्यका साथ कृषि औजार, प्लास्टिक टनेल, च्यापकटर वितरण, नर्शरी निर्माण, जडिबुटि उत्पादन लगायतका कार्यक्रलाई लागत साझेदारीका माध्यमबाट आत्मत्व बढाउने प्रकृतिका कार्यक्रमहरु संचालन गर्न बजेट व्यवस्था गरेको छु ।
- उन्नत जातको विउ तथा सेक्स सिमेनबाट उत्पादन वृद्धि तथा नश्ल सुधार गरि कृषिमा आत्मनिर्भर बनाउन बजेट व्यवस्था गरेको छु ।
- गुणस्तरीय शिक्षा आजको आवश्यकता हो । गुणस्तरीय शिक्षा संग संगै गरिवि नियन्त्रण र जिविकोपार्जनमा सुधार गर्न नविनतम् प्रविधिको प्रयोगलाई यसै आर्थिक वर्षभित्र अध्ययन गरि कार्यान्वयनमा ल्याईने छ । नगर शिक्षक व्यवस्थापन, छात्रवृत्ति, विद्यालय स्वास्थ्य स्वयंसेविका, प्राविधिक शिक्षा अनुदान कार्यक्रमलाई निरन्तरता दिएको

छु । शिक्षा क्षेत्रको समग्र विकासका निम्ति कुल रु. ४ करोड ४६ लाख ५० हजार विनियोजन गरेको छु ।

- देउमाई नगरको सांस्कृतिक, प्राकृतिक र ऐतिहासिक पहिचानलाई प्रवर्द्धन गर्न साथै पर्यटन विकासका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।
- गुम्बा, मठ-मन्दिर, माङहिम, माङखिम,चर्च, पाटी-पौवा, मलामी टहरो जस्ता धार्मिक-सांस्कृतिक स्थलहरूको संरक्षण, स्तरोन्नती र निर्माण गर्न पर्याप्त बजेट विनियोजन गरेको छु ।
- संघिय सरकार तथा प्रदेश सरकारवाट सशर्त चालु कार्यक्रम छुट्टिएर नै प्राप्त हुने बेहोरा अवगत नै छ । नगरपालिकातर्फ चालु खर्च आर्थिक वर्ष २०८२/८३ को लागि रू. १६ करोड ८८ लाख ४८ हजार विनियोजन गरेको छु । जस अन्तर्गत नियमित प्रशासनिक सेवा सञ्चालन, जनतालाई सुलभ सेवाप्रवाह तथा सुशासनको प्रत्याभुति दिलाईने छ , उज्यालो देउमाई कार्यक्रम, खेलकुद तथा सार्वजनिक कार्यक्रमहरु, रोजगारी तथा सिपमुलक कार्यक्रमहरुको लागि आवस्यक बजेट व्यवस्था गेको छु ।
- आगामी आर्थिक वर्षबाट नगरपालिकाका करार,अस्थायी तथा ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ साथै जोखिमयुक्त कार्यक्रमका कर्मचारी/ सेवाग्राहीहरुलाई विमा कार्यक्रममा समावेश गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- देउमाई नगरपालिका अन्तर्गत पूँजीगत खर्च का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

- नगरपालिकाको सडक विकास र मर्मत कार्यको लागि कुल रु. ४ करोड २४ लाख रकम विनियोजन गरेको छु जस अन्तर्गत रणनैतिक सडक, ग्रामिण/शहरी सडक मर्मत, सडक बोर्ड साझेदारी योजना लगायतका ३० भन्दा बढी सडक योजनाहरू आर्थिक वर्ष २०८२/०८३ मा निर्माण तथा मर्मत गरिने छन् ।
- गुम्बा, मन्दिर, बौद्ध विहार तथा थान निर्माणका लागि रु. १ करोड ५४ लाख बजेट छुट्याएको छु।
- विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रका लागि  आवश्यक बजेट विनियोजन गरेको छु ।
- सिचाई तथा खानेपानी क्षेत्रको विकासका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।
- प्रविधिमैत्री पूँजिगत विकासका लागि यथेष्ट वजेट विनियोजन गरेको छु ।
- साझेदारिमा आधारित कार्यक्रमको प्रोत्साहनको लागि बजेट व्यवस्था गरेको छु ।
- पुँजिगत बजेट अन्तर्गतनै विपन्न तथा दलित आवास कार्यक्रम समावेश गरेको छु ।
- नगरपालिकाको चालु आवधिक योजना, स्थानीय आवश्यकता र जनसरोकारलाई ध्यानमा राखी यस वर्ष सडक स्तरोन्नती तथा निर्माण, धार्मिक/सांस्कृतिक संरचना विकास, पर्यटन प्रवर्द्धन, सामाजिक भवन निर्माण, सिँचाइ, शिक्षा र स्वास्थ्य संरचना तथा आवास कार्यक्रम लगायतका परियोजनाहरूमा लगानी गरिएको छ।

- यस आर्थिक वर्षको बजेटले समावेशी विकास, सामाजिक न्याय, रोजगारी सृजना र सेवा प्रवाहमा गुणात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।
  यसरी आर्थिक बर्ष २०८२-८३ का लागि कुल बजेट विनियोजन रु – ८२ करोड ५६ लाख १४ हजार गरेको छु ।

**आदरणीय सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

"प्राकृतिक स्रोत, कृषि र पर्यटन — समृद्ध देउमाई हाम्रो अभियान" भन्ने नारालाई मूर्तरूप दिन सबै नगरवासी, कर्मचारी, जनप्रतिनिधि र विकास साझेदारहरूको सहकार्य र सहयोग अपेक्षित छ साथै बजेट निर्माण गर्ने क्रममा वडा समितिहरु, विषयगत समितिहरु साथै नगरपालिकाका कर्मचारी मित्रहरुको योगदान अत्यन्तै महत्वपुर्ण रहेको छ, सबैमा विशेष धन्यवाद दिन चाहान्छु।

धन्यवाद।

पविमाया राई (नगर उप-प्रमुख)

२०८२/०३/०५